**सिंजा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जुम्ला**

कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ११** **संख्याः ०१** **मितिः २०८०/१२/०३ गते**

**भाग–२**

**सिंजा गाउँपालिका**


## सिंजा गाउँपालिकाको बाल संरक्षण कोष सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०।११।२७

सिंजा गाउँपालिका भित्रका आपतकालिन एवं जोखिम अबस्थामा रहेका बाल बालिकाहरुलाई तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुनर्स्थापना गर्न तथा बालबालिकाको हक हितको संरक्षण र सम्बर्द्धन गर्नका  लागि स्थानिय स्तरमा आर्थिक स्रोत संकलन गरि परिचालन गर्न सिंजा गाँउपालिका गाँउ कार्यपालिकाको बालबालिका हक अधिकार संरक्षण सम्बर्द्धन व्यबस्था गर्न बनेको बाल संरक्षण नीति बमोजिम बाल संरक्षण कोष सञ्चालन कार्यविधि, २०८० तयार गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम बाल संरक्षण कोष सञ्चालन कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागु हुनेछ ।

२) **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) कोष भन्नाले यस कार्यविधिको बुदा नं ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिकाको बाल कोष/वडा स्तरीय बाल कोषलाई सम्झनु पर्दछ ।

ख) गाउँपालिका भन्नाले सिंजा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) वडा कार्यालय भन्नाले सिंजा गाउँपालिकाका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

घ) गाउँपालिका स्तरिय बाल अधिकार समिति भन्नाले गाउँपालिका भित्र गठित बालअधिकार समिति र वडामा गठित वडा बाल अधिकार समिति बुझ्नु पर्दछ ।

ङ) आपतकालिन अवस्था वा जोखिममा रहेका बालबालिका भन्नाले कार्यबिधिको ११ नं बुदामा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ ।

च) सञ्चालक समिति भन्नाले कार्यविधिको बुदा नं ६ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

### ३) कोषको उद्देश्य

यस बाल कोषको उदेश्य देहाय बमोजिम हुनेछन् ।

क) जोखिम अबस्थामा रेहेको बालबालिकाको उद्धार गर्न ।

ख) जोखिम अबस्थामा रहेका बालबालिकालाई (आधारभूत आवश्यकता सहित) राहत उपलब्ध गराउने ।

ग) जोखिम अबस्थामा रहेका बालबालिकालाई पारिबारिक पुनर्स्थापना गर्न ।

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचारमा सहयोग गर्न ।

ङ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउन ।

### ४) कोषको स्थापना

क) सिंजा गाउँपालिकाको बाल अधिकार समिति/वडा बाल अधिकार समितिको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अबस्थामा रहेका गाउँपालिका/वडा भित्रका बालबालिकाको संरक्षणको लागि कोष स्थापना गरिनेछ ।

ख) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम

२. सिंजा गाँउपालिका/सम्बन्धित वडाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम

३. बिभिन्न संघ संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम

४. बाल बालिकाको क्षेत्रमा काम गर्ने संस्थाले कार्य सम्झौता गर्दा स्वीकृत रकमको कम्तीमा ०.५ प्रतिसतले हुन आउने रकम

५. कोषलाई अन्यकुनै स्रोतबाट प्राप्त हुने रकम आदी ।





### ५) सञ्चालक समिति गठन

कोषको सञ्चालन ब्यवस्थापन स्रोतको खोजी गर्न गाउँपालिका/वडा सञ्चालक समिति रहनेछ ।

क) गाउँपालिका सञ्चालक समिति

१. गाउँपालिका उपाध्यक्ष - संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. सामाजिक बिकास समिति संयोजक - सदस्य

४. बाल कल्याण अधिकारी - सदस्य

५. बाल सञ्जाल वा बाल क्लबको प्रतिनिधि १ जना - सदस्य

६. बाल बालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाबाट संयोजकले मनोनित गरेको १ जना प्रतिनिधि - सदस्य

७. महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिब

ख) वडा सञ्चालक समिति

१. वडा बाल अधिकार समितिको संयोजक - अध्यक्ष

२. आमा समुहको प्रतिनिधि १ जना - सदस्य

३. वडा समितिबाट १ जना - सदस्य

४. वडा स्तरीय बाल सञ्जाल वा बाल क्लबको सदस्य १ जना - सदस्य

५. सम्बन्धित वडा सचिब - सदस्य सचिब

### ६) सञ्चालक समितिको काम,कर्तब्य र अधिकार

सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुर्नस्थापना गर्ने, त्यस्ता बालबालिकालाई राहत तथा शैक्षिक सामाग्री सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

ख) कुनै बालबालिका जोखिम अबस्थामा भए वा नभएको निर्धारण गर्ने ।

ग) सहयोगको आवश्यकता र उलब्ध स्रोतको आधारमा सामाग्री वा नगद सहयोग गर्ने र सोको बिबरण अद्यावधिक गर्ने ।

घ) प्रत्येक कार्यको प्रगति विवरण गाउँपालिका वा वडा कार्यालयमा पेश गर्ने ।

ङ) बाल अधिकार समितिसँग समन्वय र सहकार्य गर्दै जोखिम अबस्थामा रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने/गराउने,

च) बाल कोष बृद्धिका लागि आवश्यक नीति र रचनात्मक कृयाकलाप सञ्चालन गर्ने ।

छ) कोषको आय-व्यायको विवरण अद्यावधिक गरी गाउँपालिका, वडा कार्यालय, पालिका स्तरिय बाल अधिकार समितिमा पेश गर्ने,

ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

**७) कोषको रकम उपलब्ध गराउन सकिने**

१) आपतकालिन अबस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्न, राहत दिन तथा पुर्नस्थापन गर्न औषधी उपचार र शैक्षिक सहयोग गर्न आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिको अध्यक्षले रु ३०००। सञ्चालक समितिको निर्णयबाट रु ५०००। र सो भन्दा माथी कार्यपालिको निर्णय बमोजिम रकम पिडित बालबालिकालाई उपलब्ध गराउन सकिनेछ ।

२) दफा ७ को उपदफा १ बमोजिम पीडित बालबालिकालाई उपलब्ध गराईएको रकम सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**८) सञ्चालक समितिले गर्न नहुने कामहरु**

क) कोषको रकम हिना मिना गर्ने वा कोषको उदेश्य विपरित समितिको कुनै सदस्य वा कुनै व्यक्तिलाई लगानी गर्न ।

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९) सञ्चालक समितिको बैठक**

सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्ने छ ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान सिंजा गाँउपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ भने वडाको हकमा वडा कार्यालयमा रहनेछ ।





**१०) आपतकालिन एवं जोखिम अबस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछन्**

क) जोखिमपुर्ण श्रममा संलग्न रहेका

ख) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका

ग) शारिरीक वा मानसिक यातना वा भेदभाब जस्ता दुर्व्यवहार पिडित

घ) अपाङ्गता भएका बालबालिका

ङ) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका

च) हिंसाबाट प्रभाबित वा पिडित भएका

छ) हराएको वा बेवारिसे अबस्था परेका

ज) ऋणको कारणले बन्धकमा रहेका वा जर्वजस्ति श्रममा लगाई पिडित रहेका

झ) बाबु आमा वा आफन्तको संरक्षणबाट वञ्चित भएका

ञ) सुस्त मनस्थिति भएका

ट) अपहरण वा शरिर बन्धकमा परेका

ठ) सडक बालबालिका

ड) एच.आई.भि. संक्रमित तथा प्रभावित भएका

ढ) सञ्चालक समितिको निर्णयबाट छनौट भएका र आपतकालिन अबस्थामा रहेका बालबालिका

**११) सहयोगका लागि निबेदन दिन सक्ने**

यस कार्यविधिको १० नं बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी सिंजा गाउँपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तीले सिंजा गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा र वडा कार्यालयमा बिस्तृत बिबरण खुल्ने गरि निबेदन दिन सक्नेछ ।

**१२) खाताको सञ्चालन तथा लेखा परिक्षण**

१) कोषको रकम गाउँपालिकाले तोकेको बैंक खातामा जम्मा गरि छुट्टै स्रेस्ता कायम गरेर संचालन गरिनेछ ।

२) उपनियम १ बमोजिम खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको मुख्य कर्मचारीको संयुक्त दस्तखत हुनेछ तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको बिभागबाट हुनेछ ।

**१३) कोषको रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१४) कार्यविधिको व्याख्या तथा संसोधन**

यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ। साथै संसोधन आबश्यक भएमा सञ्चालक समितिको राय लिई गाउँ कार्यपालिकाले कार्यबिधि संशोधन गर्न सक्नेछ ।

**१५) कोष खारेज हुन सक्ने अबस्था**

कुनै कारणबस बाल कोष सञ्चालन गर्न आबश्यक नभएमा प्रयाप्त कारणहरु कार्यपालिकाले सञ्चालक समितिको राय लिई गाउँपालिका स्तरिय बाल अधिकार समितिको संयुक्त निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेका रकम गाउँपालिका स्तरिय बाल अधिकार समितिको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन  गर्न सकिनेछ ।

**आज्ञाले,**
**पवित्रा शाही**
प्रमुख प्रशासकीय अधिकृत